# कमजोर कार्यान्वयनले ऐनको खिल्ली उड्दै



**ध्रुवेशचन्द्र रेग्मी**
कार्यक्रम निर्देशक, सावती

आर्थिक प्रणालीलाई सुदृढ तथा गतिशील बनाउन, उद्योगधन्दा र व्यापार व्यवसायलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन तथा उपभोक्ताको हकहित र अधिकार संरक्षणका लागि प्रतिस्पर्धा एक अचूक माध्यम हो । प्रतिस्पर्धाले एकातर्फ उद्योग व्यवसायीलाई वस्तु वा सेवाहरूको निश्चित गुणस्तर कायम गराउनमा उत्प्रेरित गर्छ भने अर्कोतर्फ उपभोक्तालाई छनोटको उचित अवसर र सही सूचना प्राप्त गर्नमा सहयोग पुऱ्याउँछ ।

बजारमा प्रचलित अस्वस्थ व्यवहार तथा क्रियाकलापबाट स्वच्छ उद्यमी, व्यापारीको साथै उपभोक्ताको हकहितमा प्रतिकूल असर पार्ने स्थितिलाई नियन्त्रण गरी स्वच्छ प्रतिस्पर्धा कायम गर्न निर्धारित गरिएको कानूनी संहिता नै प्रतिस्पर्धासम्बन्धी ऐन तथा नीति हो । यहीअनुरूप विश्वका अधिकांश राज्यले प्रतिस्पर्धासम्बन्धी नीति तथा कानूनको तर्जुमा गरिसकेका छन् । नेपालमा पनि कानूनका रूपमा विसं २०६३ सालमा नै प्रतिस्पर्धा प्रवर्द्धन तथा तथा बजार संरक्षण ऐन आइसकेको छ । ढिलै भए पनि ऐनको कार्यान्वयनका लागि आवश्यक मानिने नियमावलीसमेत ल्याइसकिएको थियो । कार्यान्वयनमा सहजता ल्याउन निर्देशिका तयार पारी ऐनको कार्यान्वयनमा प्रमुख भूमिका रहने बजार संरक्षण अधिकारीहरूलाई प्रशिक्षण दिइने कामसमेत सम्पन्न भएको थियो ।

यो कानूनको सफल कार्यान्वयन हुन्छ र नेपाली बजारमा व्याप्त कार्टेलिङ, सिण्डिकेटलगायत अन्य गैरप्रतिस्पर्धात्मक व्यापारिक क्रियाकलापमा कमी आउनेछ, अस्वस्थ प्रतिस्पर्धीहरू बजारबाट पलायन हुनेछन् र अन्तरराष्ट्रिय बजारका ठूला लगानी वा उद्योगहरू नेपालमा भित्रिने छन् भन्ने कुरामा सबै विश्वस्त थिए । तर, यसको कार्यान्वयन पक्ष सोचेभन्दा ठीक विपरीत हुन गयो । ऐनमा भएका केही त्रुटि, कार्यान्वयन गर्ने अधिकारीमा प्रतिबद्धताको अभाव र सरोकारवालामा प्रतिस्पर्धात्मक संस्कृतिको विकास हुन नसकेको कारण खुला अर्थव्यवस्थामा देखिनै नहुने व्यापारिक गठबन्धन, मिलेमतोपूर्ण ठेक्का, सिण्डिकेट प्रणालीजस्ता गैरकानूनी व्यापारिक क्रियाकलापहरू मुलुकमा झन्झन् संस्थागत रूपमै फस्टाएर गए ।

**कानूनले स्पष्टरूपमा निषेध गरेको तथा देशको सर्वोच्च न्यायिक निकायले समेत पटकपटक गैरकानूनी भनी घोषित गरेको अवस्थामा समेत यो प्रणाली निर्बाध रूपमा सञ्चालित छन् । सरकारले यसमा कुनै रोक लगाउन सकेको छैन, उल्टै कानूनको ठाडै अवज्ञा गर्ने वर्गसँग लाचार भई वार्ता, अनुनय र विनय गर्नमै सबै सरकारी संयन्त्र लागेको देखिन्छ ।**

यातायात, शिक्षा, हवाई, बैङ्किङ, स्वास्थ्य वा अन्य कुनै पनि सेवा वा वस्तुप्रदायक क्षेत्रमा होस्, गैरकानूनी व्यापारिक क्रियाकलापहरू खुलमखुलारूपमा सञ्चालित छन् । व्यवसायी सङ्गठित हुने नाममा खडा गरिएका विभिन्न एशोसिएशनद्वारा गरिने कार्टेलिङ, ग्यास, चिनी, नुन आदि आवश्यकीय वस्तु विक्रेता तथा स्कूलहरूद्वारा गरिने बन्धनयुक्त विक्री, चिकित्सकले तोकेकै नर्सिङ होम वा प्याथोलोजीबाटै परीक्षण गर्नुपर्ने बाध्यता, मिलेमतो पूर्णरूपमा प्रस्तुत गरिने ठेक्काजस्ता गैरप्रतिस्पर्धी क्रियाकलापहरू हाम्रा बजारका विशेषता नै हुन् । अझै दुःखलाग्दो र निरीह अवस्था त त्यति बेला अनुभूत गरिन्छ जब गैरप्रतिस्पर्धी व्यापारिक क्रियाकलापमा स्वयम् सरकारी स्वामित्वमा सञ्चालित नेपाल आयल निगम, नेपाल विद्युत् प्राधिकरणलगायत अन्य सङ्गठित सङ्घसंस्थाको संलग्नता रहेको पाइन्छ ।

यातायात व्यवसायमा दशकौंदेखि विद्यमान सिण्डिकेट प्रणाली यति बलियो छ कि राज्यका कानूनलाई पालना गरिनुपर्छ भन्ने अनुभूति नै त्यो क्षेत्रका व्यवसायीहरूमा छैन । सिण्डिकेटको माध्यमबाट आफ्ना समितिमा आबद्ध भएकाबाहेक अन्यले उनीहरूको अनुमतिविना व्यवसायमा प्रवेश नै गर्न पाउँदैनन् । यस्तो क्रियाकलापबाट निर्बाध तथा स्वतन्त्र रूपमा व्यवसाय गर्न पाउने व्यवसायीको हकअधिकारका साथै उपभोक्ताको छनोट गर्न पाउने अधिकारलाई समेत कुण्ठित पारिरहेको छ । यस्तो कार्यलाई कानूनले स्पष्टरूपमा निषेध गरेको तथा देशको सर्वोच्च न्यायिक निकायले समेत पटकपटक गैरकानूनी भनी घोषित गरेको अवस्थामा समेत यो प्रणाली निर्बाध रूपमा सञ्चालित छन् । सरकारले यसमा कुनै रोक लगाउन सकेको छैन, उल्टै कानूनको ठाडै अवज्ञा गर्ने वर्गसँग लाचार भई वार्ता, अनुनय र विनय गर्नमै सबै सरकारी संयन्त्र लागेको देखिन्छ ।

कानून बनेर मात्र त्यसको प्रभावकारी कार्यान्वयन हुन सक्दैन । यसका निम्ति तत्सम्बन्धी संस्कृतिको निर्माण, संस्थागत विकास, व्यावसायिक दक्षता, शैक्षिक पूर्वाधार, उपयुक्त न्यायिक प्रणाली, राजनीतिक प्रतिबद्धता र सचेत नागरिक समाजको त्यतिकै आवश्यकता पर्छ । यस्तो कानूनी व्यवस्थाको तर्जुमाले मात्र बजारलाई प्रतिस्पर्धी बनाउँछ । वास्तवमा कानूनको सफल कार्यान्वयनका लागि कार्यान्वयन गर्ने निकायको हैसियत महत्त्वपूर्ण हुन्छ । विषयको ज्ञान नभएको व्यस्त निकायलाई कार्यान्वयनको जिम्मेवारी दिए त्यसबाट कानूनको उद्देश्य प्राप्त हुँदैन भन्ने कुरालाई विगतका विभिन्न कानूनलगायत उपभोक्ता संरक्षण ऐन, २०५४ को फितलो कार्यान्वयनले प्रमाणित गरिसकेको छ ।

यस्तो यथार्थ हुँदाहुँदै र हामी नागरिक समाजबाट बारम्बार यस विषयमा कानून निर्माता तथा प्रशासकहरूलाई सचेत गराउँदा गराउँदै पनि बजार संरक्षण तथा प्रतिस्पर्धा प्रवर्द्धन ऐन, २०६३ मा समेत ऐनको कार्यान्वयनको अभिभारा सरकारी नियन्त्रणमा रहने निकायलाई नै सुम्पिने प्रावधान राखियो । आज कानून बनेको झण्डै १० वर्षको अवधि व्यतित भइसक्दा पनि प्रतिस्पर्धा प्रवर्द्धन तथा उपभोक्ता हकहित संरक्षणजस्ता विषयवस्तु राज्य वा सरकारको प्राथमिकताको सूचीमा पर्न सकेन । फलस्वरूप, नेपाली बजार गैरप्रतिस्पर्धी क्रियाकलापहरूको केन्द्रविन्दुका रूपमा झनै मौलाउँदै गएको छ । स्वच्छ उद्यमी-व्यवसायीलाई बजारमा टिक्न अत्यन्तै कठिन हुन गएको छ र उनीहरूको प्रतिस्पर्धी क्षमतामा क्रमशः ह्रास आइरहेको छ, यी सबै कारण विदेशी लगानीसमेत प्रभावित भई समग्र राष्ट्रको आर्थिक विकासमा नै नकारात्मक असर पारिरहेको छ ।

यसर्थ, विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन होस् र नेपाली बजारमा स्वच्छ प्रतिस्पर्धा कायम होस् भन्ने चाहना राख्ने हो भने विना दबाब, निष्पक्ष र प्रभावकारी ढङ्गले कार्य गर्न सक्ने एउटा स्वतन्त्र निकायको व्यवस्था तत्काल गरिने गरी वर्तमान ऐनमा संशोधन गर्नु अपरिहार्य छ । यसका अतिरिक्त जबसम्म यस क्षेत्रका उत्पादक, व्यवसायी, उपभोक्ता, नागरिक समाज, सञ्चारकर्मी, नीतिनिर्माता र सरकारी कर्मचारीहरूजस्ता सबै सरोकारवालाहरूमा प्रतिस्पर्धासम्बन्धी चेतना जागरण हुँदैन तबसम्म कानूनको सफल कार्यान्वयन हुन सक्दैन । यसर्थ, विद्यमान ऐनमा भएको कमीकमजोरीलाई हटाई, स्वतन्त्र आयोगको प्रावधान राख्नुका साथै उपभोक्ता शिक्षा तथा प्रतिस्पर्धा संस्कारबारे चेतना जागरणका लागि विशेष सम्बोधन हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने आजको टड्कारो आवश्यकता रहेको छ ।